**संघीय संसद**
**प्रतिनिधि सभा**
**शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**
**२०८२ भदौ २३ गते सोमबार**
**बैठक संख्याः १३७**

**छलफल तथा निर्णय**

समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदनको मस्यौदा पेश तथा स्वास्थ्य सम्बन्धी समसामयिक विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग छलफल गर्न समितिका माननीय सभापतिज्यूको सभापतित्वमा बसेको समितिको आजको बैठकमा समितिका माननीय सदस्यहरु, मन्त्रालयका सचिव, विभिन्न अस्पतालका प्रतिनिधिहरु उपस्थिती रहेको थियो। समितिको आजको बैठकमा देहाय वमोजिमका माननीय सदस्यहरुले धारणा राख्नु भयोः

१. माननीय सदस्य दिपा शर्मा
२. माननीय सदस्य ज्ञानु बस्नेत सुवेदी
३. माननीय श्याम कुमार घिमिरे

**निर्णयः**

१. आजको बैठकमा समिति सचिवालयले पेश गरेको समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदनको मस्यौदा अध्ययन गरी केही भए २०८२ भदौ २५ गते हुने बैठक अगावै सचिवालयलाई सुझाव उपलब्ध गराउने।
२. सामाजिक सञ्चाल सम्बन्धी केही कम्पनीहरु दर्ता प्रकृयामा नआएको जनाई नेपाल सरकारले त्यस्ता संस्थाहरुलाई रोक लगाएको कारण आज युवाहरुबाट प्रदर्शन भएको र प्रदर्शनको क्रममा झडप भई केही व्यक्तिहरु घाइते समेत भएको जानकारी प्राप्त भएको हुँदा आन्दोलनरत सम्पूर्ण युवाहरुलाई शान्तिपूर्ण तवरले संयमित भएर आफ्ना विषयहरु प्रस्तुत गर्न आग्रह गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत नेपाल सरकारलाई देहायका विषयमा निर्देशन गर्नेः
   - नेपाल सरकार, गृह प्रशासनले आन्दोलनको क्रममा उच्च सतर्कता र संयमता अपनाउने,
   - विषयको संवदेनशीलतालाई मध्यनजर गर्दै प्रर्दशनकारी युवाहरुसँग संवाद गरी समस्याको तत्काल समाधान गर्ने,
   - प्रदर्शनको क्रममा घाइते भएका व्यक्तिहरुको तत्काल उपचारको व्यवस्था मिलाउने,
३. सामाजिक सञ्चालका सम्बन्धमा तथ्यगत कुरा समितिलाई जानकारी गराउन नेपाल सरकार, संचार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देशन गर्ने।
४. युवाहरुको प्रर्दशनको कारण आवागमन अवरुद्द भई माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री तथा आमन्त्रित अन्य केही पदाधिकारीहरु उपस्थित हुन नसकेकोले स्वास्थ्य सम्बन्धी समसामयिक विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग अनुकूलता मिलाएर समितिको अर्को बैठकमा छलफल गर्ने।

| | |
|---|---|
| ............................ | ............................ |
| दशरथ धमला | अम्मर बहादुर थापा |
| समिति सचिव | सभापति |